टंकमणि शर्मा (दंगाल)
महालेखापरीक्षक

बबरमहल
पोष्ट बक्स नम्बर १३३२८
काठमाडौं, नेपाल

श्री सबै उप-महालेखापरीक्षकहरु,
महालेखापरीक्षकको कार्यालय ।

मितिः २०७६।१२।१७

**विषय : निर्देशन ।**

हालको परिस्थितिका सम्वन्धमा २०७६।१२।११ को कार्यसञ्चालन तथा कार्य व्यस्थापन सम्बन्धी परिपत्र तथा २०७६। १२ । १६ मा जारी भएको सन्देश प्राप्त गर्नु भएकै छ। सो सन्देश पश्चात्को विकसित अवस्थालाई मध्यनजर गरी तपसिल बमोजिम व्यवस्था मिलाउन आवश्यक देखिएको छ। यसका लागि देहाय अनुसार गर्न गराउन हुन निर्देश गरेको छु।

१. नेपाल सरकारको २०७६।१२।१० को निर्णयानुसार लागू भएको बन्दाबन्दीको (Lockdown) अवधी मिति २०७६।१२।२५ सम्म थप भएकोले पूर्वनिर्धारित कार्ययोजनाअनुसार सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५७ औं बार्षिक प्रतिवेदन २०७६, हालको अवस्थामा २०७६ चैत्र मसान्तभित्र पेश गर्ने सम्भावना रहेन ।

२. उल्लेखित परिस्थिति र परिवर्तित अवस्थालाई ध्यान दिई अब बार्षिक प्रतिवेदन तयारी र पेश गर्ने विभिन्न चरणगत नयाँ कार्यतालिका तयार गर्नुपर्ने भएकोले नीति योजना तथा अन्तराष्ट्रिय सम्बन्ध महानिर्देशनालयले सवै विभाग र महानिर्देशनालयहरुसँग समन्वय एवं परामर्श गरी विभिन्न चरणगत नयाँ कार्यतालिका यथाशीघ्र तयार गरी म समक्ष पेशगर्नु हुनेछ ।

३. सबै विभाग तथा महानिर्देशनालय अन्तर्गत खटिएका टोलीले लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गर्न बाँकी रहेको हकमा ती प्रतिवेदनहरुमा नियमानुसार जवाफ प्रतिकृया दिन आवश्यक पर्ने म्याद समेतलाई ख्यालगरी विद्युतिय माध्यमबाटै यथाशिघ्र प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

४. विगतमा सम्परीक्षणको लागि चैत्रको दोश्रो हप्ता सम्मको समयावधी निर्धारण भएकोमा यस पटकको लागि सो अवधी हाललाई २०७७ वैशाखको तेश्रो हप्ता सम्म कायम गरी कार्यसम्पादन गर्नु गराउनु हुनेछ ।

**जानकारीका लागि :**

सबै महानिर्देशनालयहरु,

सबै निर्देशनालयहरु, महालेखापरीक्षकको कार्यालय ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक